(१०) जन्म भएको महिना देखि २४ महिना सम्म २४ पटक तौल लिएका बालबालिकालाई पोषिलो खाद्य सामाग्रीको प्याकेज उपलब्ध गराउने साथै अभिभावकलाई सम्मानको कार्यक्रम ल्याईनेछ।

(११) ठोरी गाउँपालिकावासीलाई रगतको अभाव हुन नदिन एक वर्षको २ पटक रक्तदानको कार्यक्रम आयोजना गरिनेछ। साथै रक्तदातालाई सम्मान गरिनेछ।

(१२) मधुमेह, उच्च रक्तचाप, मानसिक रोग लगायतका नेपाल सरकारबाट तोकिएका निःशुल्क प्रदान गर्ने औषधीहरु वर्ष भरिनै सहजरुपमा उपलब्ध भई रहको छ र भइरहने छ।

(१३) **"समुदायसँग अध्यक्ष स्वास्थ्य कार्यक्रम"** शुरुवात गरी प्रत्येक महिनामा कम्तिमा एक पटक टोल टोलमा स्वास्थ्यकर्मी परिचालन गरी मधुमेह, उच्च रक्तचाप, मृगौला रोग लगायतको जाँच सेवा उपलब्ध गराईनेछ।

(१४) **"हाम्रा नानीबाबु, हाम्रो भविष्य"** भन्ने नाराका साथ सबै सामुदायिक विद्यालयहरुमा स्वास्थ्यकर्मीको परिचालन गरी महिनामा एक पटक परामर्श कक्षा र वर्षमा २ पटक स्वास्थ्य परीक्षणको ब्यवस्था मिलाईनेछ।

(१५) ठोरी-१ को आधारभूत स्वास्थ्य सेवा केन्द्र दीपकनगरको भवनको स्तरोन्नति गरिनेछ।

(१६) ठोरी-३ को आधारभूत स्वास्थ्य सेवा केन्द्र ओडारमा वर्थिङ सेन्टर सञ्चालनको लागि संगठन संरचना वनाई स्वास्थ्यकर्मी र उपकरण फर्निचरको व्यवस्था मिलाईनेछ।

(१७) किटजन्य रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको लागि प्याकेज कार्यक्रम ल्याईनेछ।

(१८) महामारी तथा विपद्को कुशल व्यवस्थापनको लागि कर्मचारीहरुलाई तालिम र सामाग्रीहरुको व्यवस्था मिलाईनेछ।

(१९) प्रत्येक ३/३ महिनामा गर्भवती महिलाको स्वास्थ्यको जाँच र आमा तथा वच्चाको स्वास्थ्य अवस्था पहिचान गर्न गाउँपालिका क्षेत्रका सम्पूर्ण गर्भवती महिलाहरुलाई भिडियो एक्स-रे सेवा उपलब्ध गराईनेछ।

(२०) ठोरी-४ को निर्मलवस्ती स्वास्थ्य चौकीमा २४ सै घण्टा प्रसुति सेवा उपलब्ध गराउने उदेश्ले स्वास्थ्य चौकीको वाल कम्पाउन्ड सहित कर्मचारीको लागि क्वाटर, विरामी कुरुवा घर निर्माण गरिनेछ।

(२१) यसै आर्थिक वर्ष भित्र यस गाउँपालिकाका वडाहरुमा सम्भावनाको आधारमा वडा छनौट गरी पोषणमैत्री घोषणा पूर्वका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(२२) बहुक्षेत्रीय पोषण योजनाका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

(२३) मृगौला प्रत्यारोपण, डायलाइसिस गरिरहेका, मेरुदण्ड पक्षघात भएका व्यक्तिलाई मासिक ५ हजार रुपैया उपचार खर्च दिँदै आएको कार्यक्रमलाई निरन्तरता दिईनेछ।

(२४) गाउँपालिकामा भएको आयुर्वेदिक औषधालयको क्षमता विकास तथा विस्तार र गाउँघर क्लिनिक व्यवस्थित गरी सो केन्द्रवाट दिइने सेवा तथा औषधी निशुल्क वितरणलाई निरन्तरता दिईनेछ।

**(ग) खानेपानी तथा सरसफाई**

(१) स्वच्छ खानेपानीमा सबै जनताको पहुँचमा पुऱ्याउने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

(२) स्वच्छ तथा शुद्ध खानेपानीको गुणस्तर परीक्षणका लागि आवश्यक व्यवस्था मिलाईनेछ। साथै सबै टोल-टोलमा खानेपानी तथा सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

(३) तीनै तहको सरकारको समन्वयमा सरसफाई तथा स्वच्छता कार्यक्रमलाई राष्ट्रिय अभियानको रुपमा सञ्चालन गरिनेछ।

(४) स्थायी खानेपानीको व्यवस्था नहुन्जेलसम्म अस्थायी रुपमा भएपनि घरघरमा खानेपानीको व्यवस्था मिलाईनेछ।

**(घ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

(१) सेनेटरी प्याड बैंकको अवधरणा ल्याई उद्यम विकस कार्यक्रम मार्फत ठोरीका उद्यमी महिलाहरुलाई लक्षित गरी महिला समूह मार्फत गाउँपालिकाको प्राविधिक सहयोगमा सेनेटरी प्याड निर्माण कार्यक्रम ल्याइनेछ।

(२) गाउँपालिका भित्रका विभिन्न स्थानहरुमा जेष्ठ नागरिकहरुको लागि विश्राम स्थल निर्माण कार्यलाई जोड दिईनेछ।

(३) उपाध्यक्ष सुत्केरी पोषण तथा कोशेली वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

(४) एकल महिलाको जीविकोपार्जनका लागि रोजगारमूलक कार्यक्रम सञ्चालन गरिदै लगिनेछ।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, प्याउटाँडा, पर्सा, मधेश प्रदेश, नेपाल २०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

